आज मिति २०७६/१२/०३ गते सोमबारका दिन शिवालय गाउँपालिका, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो वादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री अनिल कुमार पाण्डे | सचिव |

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

प्रस्तावहरु

१. स्वास्थ्य साझेदारी कार्यक्रम सम्बन्धी प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

२. रोजगार संयोजकको करार अवधि थप गर्ने सम्बन्धमा ।

३. ग्राम उद्योग स्थापना सम्बन्धमा ।

४. न्यायिक समिति सदस्य परिवर्तन सम्बन्धमा ।

५. कोरोना भाइरस नियन्त्रण र रोकथाम सम्बन्धमा ।

६. जनचेतनामूलक कार्यक्रम संचालन सम्बन्धमा ।

७. फो. पु. परिवर्तन सम्बन्धमा ।

८. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम संचालन को सिफारिस सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय द्वारा स्वास्थ्य साझेदारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्नको लागि प्रस्ताव माग भएबमोजिम यस शिवालय गाउँपालिका अन्तर्गत रहेका तपसिलमा उल्लेखित स्वास्थ्य चौकीहरुमा प्रसूति गृह निर्माण गर्न आवश्यक पर्ने कुल लागतको ४० प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने गरी शिलबन्दी प्रस्ताव स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नीति योजना तथा अनुगमन महाशाखा, रामशाहपथ, काठमाण्डौमा पेश गर्ने निर्णय गरियो ।

तपसिल

१. प्रसुति गृह निर्माण (स्वास्थ्य चौकी शिवालय ५ थालारैकर जाजरकोट)

२. प्रसुति गृह निर्माण (स्वास्थ्य चौकी शिवालय ७ जुँगाथापाचौर जाजरकोट)

### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस शिवालय गाउँपालिकामा रोजगार संयोजक पदमा कार्यरत श्री प्रकाश पौडेल को करार अवधि मिति २०७६।११।२५ गते सकिएकोले रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधासम्बन्धी मापदण्ड, २०७६ को दफा २३ बमोजिम मिति २०७६।११।२५ देखि लागु हुने गरी करार सेवा अवधि एक वर्ष थप गर्ने निर्णय गरियो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र कुमार शाही
गाउँपालिका अध्यक्ष

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा नेपाल सरकारको नीति तथा कार्यक्रममा रहेको एक पालिका एक औद्योगिक ग्राम स्थापना गर्ने नीति बमोजिम शिवालय गाउँपालिकाको वडा नं ४ तिमिलेपाखा (वडापोखा) लाई उपयुक्त स्थानका रुपमा छनौट गरी पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन सहित उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश सुर्खेतमा अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाको न्यायिक समितिको सदस्य पदको जिम्मेवारी श्री रंगनाथ योगीले निर्वाह गरीरहेकोमा उहाँको कार्य व्यस्थताका कारण उक्त समितिको सदस्यको जिम्मेवारी ५ नं. वडाका वडा अध्यक्ष श्री चित्रप्रसाद रेग्मीलाई दिने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा विश्वव्यापि रुपमा फैलिरहेको COVID-19 को रोकथाम र नियन्त्रणमा लागि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखा सिंहदरवार काठमाण्डौद्वारा परिपत्र भएबमोजिम उच्च सर्तकता अपनाउनको लागि यस गाउँपालिकाले विभिन्न क्रियाकलापहरु संचालन गर्ने, आवश्यक जनशक्ति तथा औषधिलगायतका सामाग्रीहरुको व्यवस्थापन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा शिवालय गाउँपालिका र जिल्ला प्रहरी कार्यालय जाजरकोटले संयुक्त रुपमा यस गाउँपालिकाका विभिन्न वडा र बस्तीमा तपसिल बमोजिमका विपद व्यवस्थापन सम्बन्धीका जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्नको लागि गाउँपालिकाको मिल्दो शिर्षकवाट रु १ लाख जिल्ला प्रहरी कार्यालय जाजरकोटलाई उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. आगलागि सम्वन्धी ।

२. बाढी पहिरो सम्वन्धी ।

३. लैंगिक तथा घरेलु हिंसा सम्वन्धी ।

शिवालय गाउँपालिकाको कार्यालय, जिल्ला जाजरकोट, कर्णाली प्रदेश, नेपाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

४. सडक दुर्घटना ।

५. बाल विवाह, बहुविवाह, लागु औषध सम्बन्धी ।

६. भुकम्प चट्याङ् सम्बन्धि ।

७. हिमपात तथा हिमपहिरो सम्बन्धि ।

## निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा क्षेत्रगत झोलुङ्गे पुल निर्माण कार्यक्रम अन्तर्गत यस शिवालय गाउँपालिकाको बल्ले बन झोलुङ्गे पुल निमार्ण योजना शिवालय ३ र ८ छनौट भएकोमा उक्त योजनालाई संशोधन गरी वालुवा झोलुङ्गे पुल निर्माण योजना शिवालय ९ र छेडागाड १२ संचालनका लागि TBSU मा पठाउने निर्णय गरियो ।

## निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमि भक्तपुर द्वारा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम गर्न इच्छुक सार्वजनिक विद्यालयहरुलाई परियोजना प्रस्ताव माग भए बमोजिम यस गाउँपालिकामा विभिन्न कार्यक्रम सहित प्रस्ताव पेश गरेका तपसिलमा उल्लेखित विद्यालयहरुलाई प्राथमिकता निर्धारण गरी सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री सरस्वति माध्यामिक विद्यालय शिवालय ३ जाजरकोट
   - क) स्मार्ट वोर्ड व्यवस्थापन अनुमानित लागत रु १० लाख
   - क) विद्यालयमा इन्टरनेट सुविधा विस्तार अनुमानित लागत रु ५ लाख
   - ख) खेलमैदान निर्माण अनुमानित लागत रु १० लाख

२. श्री इन्द्रज्योती माध्यमिक विद्यालय शिवालय ५ जाजरकोट
   - क) विज्ञान प्रयोगशाला निर्माण अनुमानित लागत रु १५ लाख
   - ख) कम्प्यूटर प्रयोगशाला निर्माण अनुमानित लागत रु १० लाख

३. श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय शिवालय १ जाजरकोट
   - क) विज्ञान प्रयोगशाला अनुमानित लागत रु १५ लाख

ख) विद्यालय भवन कक्षाकोठा निर्माण अनुमानित लागत रु १० लाख

४. श्री विरेन्द्र माध्यमिक विद्यालय शिवालय ७ जाजरकोट

क) आवासीय सुविधा सहित पूर्वाधार निर्माण अनुमानित लागत रु २५ लाख

५. श्री सरस्वती माध्यमिक विद्यालय शिवालय ४ जाजरकोट

क) अधुरा भवन निर्माण र खेल मैदान निर्माण अनुमानित लागत रु २५ लाख

६. श्री चन्द्र दीपक माध्यमिक विद्यालय शिवालय ९ जाजरकोट

क) कम्प्यूटर प्रयोगशाला अनुमानित लागत रु १२ लाख

ख) पुस्तकालय स्थापना अनुमानित लागत रु १२ लाख

ग) खेल मैदान निर्माण अनुमानित लागत रु १२ लाख

७. श्री मालिका प्राथमिक विद्यालय शिवालय ६ जाजरकोट

क) खेलमैदान निर्माण अनुमानित लागत रु ७ लाख

ख) हरित विद्यालय निर्माण एवं विद्यालय रंगरोगन अनुमानित लागत रु ८ लाख

८. श्री खड्गदेवि माध्यामिक विद्यालय शिवालय ६ जाजरकोट

क) पानिको सुविधा सहितको शौचालय अनुमानित लागत रु १० लाख

ख) विद्यालय भवन मर्मत तथा कक्षा कोठा निर्माण अनुमानित लागत रु १० लाख

ग) विज्ञान प्रयोगशाला निर्माण अनुमानित लागत रु ५ लाख

९. श्री सरस्वति आधारभुत विद्यालय शिवालय ६ जाजरकोट

क) शौचालय निर्माण अनुमानित लागत रु ५ लाख ५० हजार

ख) अधुरा भवनको कोठा निर्माण अनुमानित लागत रु १४ लाख

ग) इन्टर नेट जडान अनुमानित लागत रु ५ लाख ५० हजार

**निर्णय नं. ९**

यस गाउँपालिकाको वडा नं. २ को वडा कार्यालय भवन निर्माण स्थलसम्म जाने पहुँच सडक निर्माण र खानेपानी पाइप खरिद कार्यको रकम रु २०,००,०००( अक्षरुपी बीस लाख मात्र) समपुरक कोषबाट भुक्तानि गर्ने र सो कार्य २ नं वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७६/१२/०३ मा बसेको चवालिसौ बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

निमित्त प्रमुख प्रशासकिय अधिकृत